लेखापरीक्षण प्रतिवेदन

केदारस्युँ गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

केदारस्युँ गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/802

श्रीमान् अध्यक्षज्यू,
केदारस्युँ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बझाङ।

बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/802

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू,
केदारस्यूँ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बझाङ ।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्ययतर्फ रू. १ अर्व ५२ करोड ९२ लाख ५ हजारको लेखापरीक्षणबाट रू.१ करोड ७३ लाख २ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू. २ लाख ११ हजार सम्परीक्षण भई प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७ लाख ६१ हजार, अनियमित भएको रू. ६२ लाख ३० हजार र पेश्की बाँकी रू. १ लाख गरी जम्मा रु. १ करोड ७० लाख ९१ हजार रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १५ करोड ७३ लाख २ हजार मध्ये यस वर्ष रु. ४ लाख १६ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रू. १७ करोड ३९ लाख ७७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५३	१४	१,७३,०२,१०५	०	४	२,१०,९५९	०	५३	१०	१,७०,९१,१४६	०	६२,२९,६०६	१,०७,६१,५४०	०	०	१,६९,९१,१४६	१,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बझाङ	१५,७३,०२,४४४	0	४,१५,९३९	१५,६८,८६,५०५	0	१,७०,९१,१४६	१७,३९,७७,६५१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम रु.
१	२०८१/८२	३५	सूची दर्ता नभएकोसँग कारोबार	३५,०००
२	२०८१/८२	४६	सम्झौता वेगर भुक्तानी	३९,०४७
३	२०८१/८२	३१	बिदा अवधीको दैनिक भ्रमण भत्ता	३,५८७
४	२०८१/८२	४७	कार्य सम्पादन जमानत	१,३३,३२५
५	२०८०/८१	२८.६	अध्ययन बिदा अवधिको भत्ता	५७,१३०
६	२०८०/८१	२८.११	बहाल कर	५,८२०
७	२०८०/८१	२८.१५	कर समायोजन	४,८००

८	२०७९/८०	२५	शिक्षक तलब	४,७४०
९	२०७९/८०	३८	आन्तरिक लेखापरीक्षणवाट उल्लेखित व्यहोराहरु	२,१५,०६१
१०	२०७८/७९	४६	जिन्सी दाखिला	१,१६,३३६
११	२०७६/७७	१०७	असुल गर्नुपर्ने	८८७
१२	२०७६/७७	१०८	असुल गर्नुपर्ने	१११६५
जम्मा				६,२६,८९८

केदारस्युँ गाउँपालिका, बझाङ

(८०७७०५०२३००)

केदारस्युँ गाउँपालिका , बझाङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ११३.९१ वर्ग किलोमिटर तथा २१३०७ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०१ देखि २०८२।०५।०३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको रु.१,५२,९२,०५,१७९।४५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन् ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४१,६९९।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	भ्रमण खर्च	२२३५९
२	अग्रीम कर	१६०४०
३	बढी दरमा भ्रमण भत्ता	३३००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		२६६४१७९८।४२	**चालु खर्च**		३७६९२६३९२।७
१.संचितकोष	१४३६०६७९।२७		१. पालिका तर्फ	१३८६११२५२	
२.धरौटी	६८२४६३५।२२		२.संघीय सशर्त	२३६२७४७०४।७१	
३.कार्यसञ्चालन कोष			३.संघीय विशेष		
4. कर्मचारी कल्याणकारी कोष	२९६५६३१		४.प्रदेशसशर्त	२०४०४३६	
५. प्रकोप व्यवस्थापन कोष	११७९५८०		५.प्रदेश विशेष		
6. विविध खर्च खाता	१३११२७२।९३				
यस वर्षको आय			**पुँजीगत खर्च**		२०७५०७३१४।०६
१.आन्तरिक आय	६३६५५०१।३२	६३६५५०१।३२	१.पालिका तर्फ	७९८११७३९।५३	
२. वित्तीय हस्तान्तरण (संघ)		५७३६५०११२।७	२.संघीय सशर्त	८९८३१९५१	
क) समानीकरण अनुदान	१०४०५५८४०		३.संघीय विशेष	२३३९२१३६	
ख) राजस्व बाँडफाँट	८५९२३४९६।७२		४.संघीय समपुरक		
ग) सशर्त अनुदान	३६०१८४०००		५.प्रदेशसशर्त	१९६००४०	
घ)समपुरक अनुदान			६.प्रदेश विशेष	५८३१८९९	
ङ) विशेष अनुदान	२३४८६७७६		७.प्रदेश समपुरक	६६७९५४८।५३	
च) रोयल्टी			अन्तर सरकारी अख्तियारी (संघ)		१४१३९४६९७।९०
छ) अन्य			क) सामाजिक सुरक्षा	९८१८५९९५।९	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२८७०५५१६।९१	ख) स्थानीय तह प्रशासकीय भनव पूर्वाधार विकास कार्यक्रम	२७२३९८५४	
क) समानीकरण अनुदान	१०४८४०००		ग)उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आथिक सशक्तिकरण कार्यक्रम	५४९९२६८	
ख) राजस्व बाँडफाँट	१६४३६९५।९१		घ) स्वास्थ्य क्षेत्र	३६४५६०२	

			सुधार कार्यक्रम पुजिगत		
ग) सशर्त अनुदान	४०५००००		ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुजिगत	६८२३९७७।९८	
घ) समपुरक अनुदान	६६८६२८०				
ङ) विशेष अनुदान	५८४१५४१		**धरौटी फिर्ता तथा सदर स्याहा**	२८४६९८९।६५	२८४६९८९।६५
च) रोयल्टी			**ग २.७ विविध खर्च खाताकोषबाट भएको खर्च**	४३३६९५१	४३३६९५१
छ) अन्य			**१.संघ तर्फ**		**३४१७१९८४।२९**
४.अन्तर सरकारी अख्तियारी (संघ)		१४१५७२७४०	क) सशर्त अनुदान	३४०७७३४४।२९	
क) सामाजिक सुरक्षा	९८३६४०३८		ख) विशेष अनुदान	९४६४०	
ख) स्थानीय तह प्रशासकीय भनव पूर्वाधार विकासकार्यक्रम	२७२३९८५४		ग) समपुरक अनुदान		
ग)उच्च पहाडी एवम हिमाली क्षेत्र स्वरोजगार तथा आथिक सशक्तिकरण कार्यक्रम	५४९९२६८		२.प्रदेश तर्फ		६५८९७
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुजिगत	३६४५६०२		क) सशर्त अनुदान	४९५२४	
ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुजिगत	६८२३९७७।९८		ख) विशेष अनुदान	९६४२	
…………..			ग) समपुरक अनुदान	६७३१	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**सामाजिक सुरक्ष रकम फिर्ता**	**१७८०४२.१०**	**१७८०४२.१०**
६. **ऋण**/वित्तीय व्यवस्था			**अन्तिम मौज्दात**		**२०९९०४४०।४९**
७. धरौटी आय	७८७४५७०	7874570	१. संचित कोषकोमौज्दात	४४१०२२२।१६	
८.कार्यसञ्चालन कोष आय			२. धरौटी	११८५२२१५।५७	
९. अन्य कोषको आय			३. कार्यसञ्चालनकोष		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित			4. विविध खर्च खातामा		

योजना					
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			५. विविध कोष खाता	५८२७९१।७६	
१२. अन्यआयभएमा			4. कर्मचारी कल्याणकारीकोष	२९६५६३१	
13. मालपोत बाट प्राप्त राजस्व रकम			४. प्रकोपव्यवस्थापन कोष	११७९५८०	
14. ग २.७ विविध खर्च खाता	३६०८४६९।८३	३६०८४६९।८३			
जम्मा	**७८८४१८६०९.२**	**७८८४१८६०९.२**	**जम्मा**	**७८८४१८६०९.२**	**७८८४१८६०९.२**

वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,८३,६४,०३८, स्थानीय तम प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.२७२३९८५४, उच्च पहाडी एवम् हिमाली क्षेत्र रोजगारको रु.५४९९२६८, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १,०४,६९,५७९।९७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,

• गाउँपालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• गाउँपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने गरेको देखिएन,

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न सामुदायिक विद्यालयलहरुलाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानी मा ETDS समेत गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं

संरक्षण गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन,

• आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फर्स्यौट गर्ने गरेको।

• कार्यालयले बिभिन्न खरिदको रकम भुक्तानी गर्दा आंशिक कारोवारको खरिदको आदेश, माग फाराम र दाखिला प्रतिवेदनमा सम्वन्धित जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको देखिएन।

• भ्रमण प्रतिवेदन पूर्ण रुपमा राख्ने गरेको नपाइएको ।

• लगबुक पूर्ण रुपमा राख्ने नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् । पालिकाले आबस्यकताको आधारमा कानून बमोजिम दरबन्दी तथा पदपूर्ति व्यबस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ७ गरी कुल ८ विवाद दर्ता भएकोमा ६ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम २ बमोजिम अन्तिम भुक्तानी दिँदा निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३ उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नुपर्ने र रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूर्तिकला निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ। गो.भौ. नं. ३४।२०८२ /०३/३२ बाट सोलार होम्स नेपाल प्रा लि को धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र विना कार्यसम्पादन जमानतका आधारमा रु. २३३२१७।- धरौटी फिर्ता गरेकोमा सो वापत राखेको कार्यसम्पादन जमानतका म्याद सकिएको देखियो । फिर्ता गरेको धरौटी रकमको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	२,३३,२१७

७ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक सब इन्जिनियर पदमा २ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ९,२२,८२४ भुक्तानी गरेको पाइयो । यस सम्बन्धमा पालिकासंग छलफल हुदा उक्त पदमा पदपुर्तिका लागि पालिकाबाट प्रदेश लोकसेवा आयोग, सुदुरपश्चिम प्रदेश, धनगढी कैलालीलाई पालिकाको च.नं. १८१ मिति २०८१।०५।२० को पत्रबाट माग गरिएकोमा सिफारिस भई नआएकोले करारमा कर्मचारी नियुक्ति गरी सेवा प्रवाह गरिएको जानकारी प्राप्त भएको छ ।पालिकाले आबस्यकताको आधारमा कानून बमोजिम दरबन्दी तथा पदपूर्ति व्यबस्थापन गरीनु पर्दछ ।

८ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १५ वटा ऐन, ९ वटा नियमावली, ३१ कार्यविधि लगायत ५५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कानुनको पालना हुनुपर्दछ।

९ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारिण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु. ६६ करोड ८० लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।११ मा पारित भएको छ । यसैगरी पालिका अध्यक्षले मिति २०८१।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१२ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष दलित तथा विपन्न बर्गसंग अध्यक्ष कार्यक्रम अन्तर्गत ११ वटा कार्यक्रममा रु. २४,५०,००० र एकल महिलासंग उपाध्यक्ष कार्यक्रम अन्तर्गत ११ वटा कार्यक्रममा रु.२४,५०,००० समेत जम्मा रु. रु.४९,००,००० एकमुष्ट बजेट व्यवस्था गरी १७ योजनामा रु.३४,९४,०२० खर्च गरेको छ। एकमुष्ट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

यस पालिकाको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५१६७००००	४८५८४८८४	८.३१
२	पूर्वाधार विकास	५९७००००००	४९९८४४१२	८.५५
३	सामाजिक विकास	३५९२०४०००	३०३४२८३०६	५१.९२
४	संस्थागत विकास, सेवाप्रवाह र सुशासन	४१७९९०००	३६९५२८५६	६.३२
५	अन्य कार्यालय संचालनतथा प्रशासनिक	१५५६८०६७९	१४५४८३२४८	२४.९०
जम्मा		**६६८०५३६७९**	**५८४४३३७०६**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५१.९२ प्रतिशत र संस्थागत विकास, सेवाप्रवाह र सुशासनमा सबै भन्दा घटी ६.३२ प्रतिशत रहेको छ ।

१४ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				**आषाढ महिनाको खर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
पुँजीगत खर्चतर्फ	२०,७५,०७,३१४	३,५१,७१,७५३	१,१७,४६,६६	५,०२,७४,७७०	१२,४६,६०,७९१	९,१६,९०,२९४
प्रतिशत		१६.९५	५.६६	२४.२३	६०.०८	४४.१९

आषाढ महिनामा मात्र रु. ९,१६,९०,२९४ (४४.१९प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको

देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	३,२०,०००	२,७१,०४७	८४
मालपोत कर	१५,००,०००	२५,९८,१८०	१७३
व्यवसाय कर	४,५०,०००	४७,५००	१०
बहाल कर	३,२०,०००	१,२६,९९१	३९

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१६ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५५,००,४१,५२९	६३,६१,५०१	१.१५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ राजश्व वाँडफाँड

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड प्रदेश सरकारलाई पठाउनु पर्नेमा नपठाएकोले सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाउन बाँकी रकम
दहत्तर बहत्तर शुल्क	१,४३,७५०	४०	५७५००

प्रमाण पेश नगरेको	५७,५००

१८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल २६९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको ना	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.१ लाख देखि ५ लाख सम्मका योजना सङ्ख्य	रु.१लाख भन्दा कमका योजना सङ्ख्या
१.	वडा/पालिकास्तरीय	२६९	११	२१	१७७	६०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत १०० दिनले ७५०० दिन रोजगारी उपलव्ध गराई रु.५०,४४,६४० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२० **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा कुनै मालसामान मर्मत गराउनु अघि मर्मत कार्यको लागत अनुमान तयार गर्नुपर्ने र नियम ९६(३) मा सार्वजनिक निकायले उपकरणको वा पाटपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई मूल्य पाँच हजार रुपैया भन्दा बढी पर्ने उपकरण वा पार्टपुर्जाको अभिलेख राख्नु पर्नेछ र त्यस्ता पार्टपुर्जा पुराना उपकरण वा पार्टपूर्जाको लागि प्रतिस्थापन गरिको का सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले सवारी साधन तथा मेशिनरी सामान मर्मत बापत रु.३३,०९,१८४ खर्च गरेको छ । पालिकाले मर्मत अघि लागत अनुमान तयार नगरेको र पुराना सामान जिन्सी दाखिला समेत नगरेको पाइयो । नमुना परीक्षणको क्रममा निम्न भौचरबाट विभिन्न समयमा कार्यालयका सवारीसाधन मर्मत गरेबापत भुक्तानी गरेको छ । नियमावलीको व्यवस्था पालना गरि पुराना पार्ट पुर्जा समयमानै कार्यालयमा दाखिला गर्न लगाई नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

भौचर नं/मिति	क्रियाकलाप	रकम
३८२।१२।२०	सवारी साधन मर्मत खर्च	२४,६२१
४१०।१२।२६	सवारी साधन मर्मत खर्च	६४,६६१
३११।११।१२	सवारी साधन मर्मत खर्च	१,७५,९४१
३१४।११।१२	सवारी साधन मर्मत खर्च	८०,०७९
४३३।१२।२९	सवारी साधन मर्मत खर्च	२,५९,२०५
४४४।१।१२	सवारी साधन मर्मत खर्च	१,१५,०६५
४८१।१।१८	सवारी साधन मर्मत खर्च	१,०६,६४५
५३४।२।११	सवारी साधन मर्मत खर्च	१,०८,७११
५६८।२।२२	सवारी साधन मर्मत खर्च	२,१९,६५५
५७६।२।२३	सवारी साधन मर्मत खर्च	६४,४००
५७७।२।२३	सवारी साधन मर्मत खर्च	५०,८६१
२२/२०८१/८/११	एक्साभेटर मर्मत	६४९१४
२३/२०८१/८/११	एक्साभेटर मर्मत	९०६७
२४/२०८१/८/११	एक्साभेटर मर्मत	७४९००
२५/२०८१/८/११	जीप मर्मत	८९६५०
२७/२०८१/८/११	जीप मर्भत	८९६५०
२८/२०८१/८/११	एक्साभेटर मर्मत	१३२७७२
७८/२०८१/१२/३०	एक्साभेटर मर्मत	२५१३३०
४०/२०८१/९/२६	एक्साभेटर मर्मत	३१६१२२

२१ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२२ स्यानीटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा २ हजार ८१८ जना रहेका छन। पालिकाले मिति २०८२।३।१८ मा लाइफ केयर स्यानीटरी एण्ड न्याप्टिकन उद्योगबाट २९ हजार ८५० थान स्यानिटरी प्याड रु.१०,२८,७८०।९९ (मु अ कर समेत) मा खरिद गरेको छ । सो स्यानिटरी प्याड मध्ये १० हजार थान पालिकाले मौज्दात राखी बाँकी विद्यालयहरुलाई वितरण गरेको देखियो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी आउने भएकोले

सम्बन्धित विद्यालयमा पठाई छात्राहरुलाई वितरण गरीनु पर्दछ । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

२३ **न्यायो झोलाः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ८ वटा बर्थिङ सेन्टरमा गत वर्षको मौज्दात २७ थान र यस वर्ष २१० थान को रु.२,०४,३२७ मा खरिद गरी वर्थिङ सेन्टरहरुलाई वितरण गरेको छ। यस वर्ष २५३ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । पालिकाले गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२४ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाखभन्दा बढीको बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ ।त्यसैगरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सिमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष निम्नानुसारका आपूर्तकहरुसंग विभिन्न कार्यालय सामानहरु पटक पटक गरी सोझै खरिद गरेको पाइएको छ । लेखापरीक्षणको क्रममा नमुना छनौटमा पालिकाले देहाय बमोजिम पटक पटक सोझै खरिद गरेको उदाहरण निम्नानुसार रहेको छ । कानुनको पालना गरी खरिद प्रकृयालाई व्यवस्थित बनाउनु पर्दछ ।

सामानको विवरण	**भौ.नं. र मिति**	**आपूर्तक**	**भुक्तानी रकम**
कार्यालय सामग्रीहरु (डस्ना, पेपर, डटपेन, गिलास, छाता लगायत)	३६७।१२।१९	दुर्गा जनरल स्टोर	५,४१,४९६
	४७८।१।१८	दुर्गा जनरल स्टोर	५,४१,१००
	३७४।१२।१९	अमिर मार्केटर्स एण्ड सप्लायर्स	४,९५,०८३
	४८२।१।१८	अमिर मार्केटर्स एण्ड सप्लायर्स	२,०२,०२७
	४८८।१।१८	भगवती जनरल स्टोर	१,३०,७००
	६५८।३।११	भगवती जनरल स्टोर	९४,२५०
	५६९।२।२२	भगवती जनरल स्टोर	७७,८८०
	५८३।२।२३	बझाङ प्रिन्टिङ हाउस	१,३४,८००
	४५०।१।१५	न्यू स्टार फोटो एण्ड स्टेशनरी	७६,१९०
	४५०।१।१५	तेडी प्रिन्टिङ प्रेस	७८,५९१
	५४४।२।१६	कान्तिपुर ट्रडिङ हाउस	९९,३२७

२५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले बसन्त जंग सिंहलाई सित गृह जग्गा खरिदको लागि दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु१,००,००० बाँकी रहेको देखिन्छ । सो म्याद नाघेको पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

पेश्की	१,००,०००

२६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.२०,११,२४० सञ्चालन तथा अनुगमनमा रु.९,२२,१३० र मर्मत तथा इन्धनमा रु.८,९५,०६३ समेत यस वर्ष रु.३८,२८,४३३ कार्यालयले कन्टिन्जेन्सीबाट मष्टरोलमार्फत रु. २०,११,२४० खर्च लेखेकोमा कार्यका लागि सुपरभाइजरहरू नियुक्त गरी निजहरूलाई पारिश्रमिक बापत उक्त रकम खर्च लेखेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन । सो को अतिरिक्त अतः निजहरूले सम्पादन गर्नुपर्ने र गरेको कामको विवरण स्पष्ट राख्नुपर्दछ ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन् ।

कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

२७ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुजीगत शिर्षकबाट रु. २०७५०३३१४ खर्च गरेकोमा रु.१४४३००००० अर्थात् ५२.५ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु.६४७००० र उपभोक्ता समितिबाट रु.६,२५,५६,३१४ को खरिद गरेको छ । खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२८ **औषधी खरिद**

पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु. २०,१९,४९७ को औषधी खरिद गरेको देखिन्छ।

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

भौचर नं/मिति	फर्मको नाम	भुक्तानी रकम
१९३।२०८१।११।१२	युनिग्लोब ड्रग सप्लायर्स	९,२४,९५५
२५३।२०८२।०१।१२	इमेज फार्मेसी	८२,१०५
३२६।२०८२।०३।११	अपि साईपाल सर्जिकल	४५,२००
३७५।२०८२।०३।२१	इमेज फार्मेसी	६,९८,०९७
१५९।०९।२३	परोपकार आयुर्वेद औषधालय	२,४९,१४०
२२२।२०८१।१२।१९	परोपकार आयुर्वेद औषधालय	५०,०००
२२३।१२।१९	ओजस आयुर्वेद फार्मेसी	७०,०००
जम्मा		२०,१९,४९७

२९ **सहकारी व्यवस्थापन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ११ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३० **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले नमुना परीक्षणको क्रममा देहायअनुसारका फर्महरुलाई अनुदान बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन साथै पालिकाले अनुदान पाउने व्यक्ती,कृषक समुह । सहकारीको नाम नामेसि र अनुदान रकम सार्वजनिक गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

गो भौ र मिति	विवरण	रकम
12-2082।2।19	आमा बहुउद्धेश्यीय कृषि तथा पशुपंक्षी फर्म	रु 94450
13-2082।2।23	भवानी कृषि तथा पशुपंक्षि फर्म	रु 50010
17-2082।3।11	श्री पुष्प बहुउद्धेश्यीय एकिकृत कृषि पशुपालन फर्म	रु 77973
18-2082।3।11	सानु सुप्रीया कृषि तथा पशुपंक्षी फर्म	रु 98584
19-2082।3।16	श्री शितल बहुउद्धेश्यीय कृषि तथा पशुपंक्षी फर्म	रु 64622
20-2082।3।16	सुरज कृषि तथा पशुपंक्षी फर्म	रु 68786
21-2082।3।17	श्री शिरिष कृषि तथा पशुपंक्षी बहुउद्धेश्यीय फर्म	रु 86928
24-2082।3।20	श्री सुदिक्षा बहुउद्धेश्यीय कृषि तथा पशुपंक्षी फर्म	रु 46309
25-2082।3।20	श्री रमेश बहुउद्धेश्यीय फर्म	रु 72926
26-2082।3।22	सदाबहार उद्धमशील कृषि तथा पशुपंक्षी बहुउद्धेश्यीय फर्म	रु 68264
28-2082।3।23	श्री पि एन बहुउद्धेश्यीय कृषि तथा पशुपंक्षी फर्म	रु 93975
जम्मा		८,२२,८२७

३१ **बिदा अवधीको दैनिक भ्रमण भत्ता** (२२०-2081-12-19):

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३,५८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२ **जरिवाना**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापडण्ड २०७८ मा बजेट बिनियोजन भएको अवस्थामा कुनै पनि महसुल समयमा भुक्तानी नगरी जरीवाना तिर्न पर्ने अवस्था आएमा त्यस्तो जरीवाना बापतको रकम सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्ने व्यवस्था छ ।कार्यालयमा भएका तपसिल बमोजिमका विद्युत महसुल, मोटरसाइकल तथा गाडीको बिमा तथा ब्लु बुक नविकरण गर्दा जरीवाना तिर्नुपरेको रकम उचित देखियन । समयमै नविकरण गरी छुट तथा सहुलियत लिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

भौचर नं	विवरण	रकम
८२।७।२९	सवारी नबिकरण	१९,५३०
१६४।९।१०	विद्युत महसुल	३,६६५
६३४।३।८	विद्युत महसुल	२,७००
६४४।३।९	विद्युत महसुल	४,२७८
जम्मा		३०,१७३

३३ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम गर्नुपर्ने र मर्मत गर्नुपर्ने लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

• महालेखा नियन्त्रक कार्यालयले PAMS v1 बाट PAMS v2 मा डाटा माईग्रेट गर्दा खर्च भएर जानेतर्फका जिन्सी सामग्रीहरु V2 मा सारेको छैन । खर्च भएर नजानेको हकमा महालेखा नियन्त्रक कार्यालयले माईग्रेट गरिदिएको तर खर्च भएर जानेको हकमा कार्यालय आफैले जिन्सी निरीक्षण प्रतिवेदन अनुसार सिस्टममा ईन्ट्री गर्नुपर्नेमा सो कार्य नगरेको कार्यालयले जनाएको छ । तसर्थ, पालिकाको जिन्सी निरीक्षण कार्य सम्पन्न भएकाले खर्च भएर जानेतर्फका जिन्सी सामानहरुको PAMS V2 मा ईन्ट्री गरी सरकारी सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ । नमुना परीक्षणका क्रममा निम्नानुसारका जिन्सीहरु अ.ल्या. गरेको छैन :

क्र.सं.	जिन्सी सामग्रीको नाम	मूल्य रकम
१	ल्यावटप ब्याग	१,६७,७५०
२	सिरक	४,६०,९५०
३	स्टापलर	२५,१२८
४	हार्पिक	१५,५००
५	स्पाईलर डायरी	१५,०००
६	सिलर प्लाष्टिक	२,४५,५७५
७	स्लिपिङ ब्याग	४४,०००
९	पुस्तक हाम्रो जनप्रतिनिधी	१०,०००

३४ सूचना अध्यावधिक

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायले प्रत्येक ३/३ महिनामा कार्यालयको सेवा प्रवाह, कार्यसम्पादन लगायतका सूचनाहरु स्वतः प्रकाशन गर्नुपर्ने, दफा ६ मा सूचना अधिकारीको व्यवस्था गरेको छ । यस पालिकाले सूचना अधिकारी तोकेको छ । पालिकाको आफ्नै वेभसाईड भएता पनि नियमित रुपमा स्वतः प्रकाशन अन्तर्गतका सूचनाहरु उक्त वेभसाईडमा प्रकाशन नभएको पालिकाले जनाएको छ । पालिकाले कानुनको पालना गर्नुपर्दछ ।

३५ सूची दर्ता नभएको संग कारोबार

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ सीमा भन्दा बढीको सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने र अनुसूची १ मा खरिद कार्यको लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । गो भौ नं ११९/२०८१/१२/२८ बाट पालिकाले गाउँपालिका पूँजीगततर्फ लागत अनुमान रु. १०३८८४९/- रहेको प्रशासन भवनमा मार्वल

ग्रेनाइट विछाउने काम कालापानी कन्सट्रक्सन एण्ड सप्लायर्ससँग रु. ९९३९५३/- मा सम्झौता गरी सोझै निर्माण कार्य गराएको अनियमित देखिएको रु.

अनियमित भएको	९,९३,९५३

३७ **मू अ कर जारी नगरेका संग कारोबार**

मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ मा दर्ता भएको व्यक्तिले रित पूर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ भने दफा २९ मा कर बिजक जारी नगर्नेलाई डण्ड सजायको व्यवस्था छ । पालिकाले संचालन गरेको बागथला बखेत भाडसैन सडक निर्माण योजनामा जे सि बि, संचालक चक्रबहादुर बोहोराले उपभोक्ता समितिसंग रु.२५,९०,१०४।६१ भुक्तानी लिदा कर बिजक जारी नगरी भुक्तानी गरेको छ ।

३८ **शैया अस्पताल निर्माण**

पालिकाले वडा नं. १ देउरामा करिब ८.१ रोपनी जग्गामा १११० बर्ग मिटर भवनको क्षेत्रफल रहेको १५ शैयाको आधारभुत अस्पताल निर्माणको लागि रु. १८०८०६३७३।- को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने प्रतिष्ठा जागृती नेपाल जेभीसँग मिति २०८०।८।२५ भित्र निर्माण कार्य सक्ने गरी मिति २०७८।९।५ मा रु.१७२५६८३८६।२३ को सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन नसकि दोस्रो पटक २०८२।८।२६ सम्म निर्माण कार्यको म्याद थप गरेको छ । म्याद थप गरेको समयावधि सम्म पनि निर्माण कार्य सम्पन्न हुन सक्ने अवस्था देखिदैन । यस आर्थिक बर्षको अन्त्य सम्म छैटौ रनिङ विल सम्म र. १०८७७०१२५।६७ भुक्तानी भएको छ । लेखापरीक्षण अवधि सम्म निर्माण कार्यको भौतिक प्रगती न्युन रहेकोले तोकिएको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्नको लागि पालिकाले तदारुकता देखाउनु पर्दछ ।

३९ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

४० **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म°ले°प°फा°नं°५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

४१ **प्रशासकिय भवन निर्माण**

गाउँपालिकाले वडा नं.१ देउरामा गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागि रु.८४७६१४४१।– को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी एल.बी. एण्ड ए.बी. विल्डर्स [ठे. नं. ०१।०७९।८०] सँग मिति २०८१।८।२१ भित्र निर्माण कार्य सक्ने गरी २०७९।८।२१ मा रु.६८०४५३३२।८८ को सम्झौता गरेकोमा उक्त अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकि दोस्रो पटक मिति २०८२।६।२२ सम्म म्याद थप गरेको छ ।थप गरेको समयावधि भित्र निर्माण कार्य सम्पन्न हुन सक्ने अवस्था देखिदैन ।हाल सम्म सातौं रनिङ विलसम्म रु. ६६८०३०३५।८२ भुक्तानी खर्च लेखेको छ । सम्झौतामा तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

४२ **बिल भर्पाई बेगर भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यबस्था रहेको छ ।पालिकाले भैरब माध्यमिक विद्यालय झोताको नमूना भवनको निर्माणाधिन ट्वाईलेट र डेस्कबेन्च खरिद कार्यको लागि विनियोजित रकम प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन बेगर रु.१०००००००।- उक्त विद्यालयको खातामा निकासा पठाएको र उक्त विद्यालयको बैंक खाता रोक्का राखेको छ । नियमावलीमा भएको व्यबस्था बमोजिम उक्त विद्यालय व्यबस्थापन समितिले निर्मित कामको विल भर्पाई तथा प्राविधिक मूल्यांकन सहितको कार्य सम्पन्न ।स्विकार प्रतिवेदन पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	१,००,००,०००

४३ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको छ ।उक्त निर्माण कार्य तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण म्याद थप गरी निर्माण कार्य भइरहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ नियमावलीमा भएको व्यबस्था बमोजिम सम्झौतामा उल्लेखित अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ:

ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	विमांक रकम	कैफियत
प्रशासकिय भवन निर्माण (१।०७९।८०)	एलबी एण्ड एबी विल्डर्स	६८०४५३३२।८८		विमा नगराएको निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको
१५ शैया अस्पताल निर्माण (०३।०७८।७९)	प्रतिष्ठा।जागृती।नेपाल जेभी	१७२५६८३८६।२३		विमा नगराएको निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको
बागथला सुदाडा थापागाँउ दहशैन सडक(३।०८१।८२)	युके निर्माण सेवा	५२७५६५४।४४		विमा नगराएको विओक्यू मा नराखेको

४४ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ ।पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । साथै, पालिकाबाट प्रदान गरिएको अनुदान पाउने व्यक्ति, संघसंस्था, फर्म, कृषक समूह/ सहकारीको नामनामेसी साथै अनुदान रकम सार्वजनिक गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **लागत अनुमान बेगर खर्च**

आलेप बेरुजु-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रु १ लाखसम्मको मालसामान खरिद बाहेक अन्य निर्माणको हकमा योजना तथा आयोजनाहरुको लागत इष्टमेट तयार गरी स्वीकृत गराउनुपर्ने उल्लेख छ । पालिकाले तपसिल बमोजिमका सडक सफाइ सम्बन्धी योजनाहरुको लागत अनुमान तयार नगरीकनै टिप्पणी र आदेशको आधारमा भुक्तानी गरेको अनियमित देखिएको रु

भौचर नं. र मिति	योजनाको नाम	रकम	भुक्तानी प्राप्तकर्ता
११-२०८१।८।४	विभिन्न ठाउँको सडक सरसफाई	२,७१,३१३	युनिक कन्सट्रक्सन

अनियमित भएको	२,७१,३१३

४६ **सम्झौता वेगर भुक्तानी** (२९५-2082-03-25):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३९,०४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **कार्य सम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपुर्तकले समझौता बमोजिमको कार्य सम्पादन जमानत राख्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले देहायको निर्माण कार्यमा सम्झौता बमोजिमको कार्य सम्पादन जमानत लिंदा सम्झौता बमोजिमको बैक जमानत लिनु पर्नेमा निर्माण व्यावसायीले घटी रकमको बैंक जमानत पेश गरेकोले नियमावलीमा भएको व्यबस्था बमोजिम कार्य सम्पादन जमानत पेश गर्नुगर्ने रु.

विवरण।ठेक्का नं	**जमानत लिएको बैंक**	**राख्नुपर्ने जमानत रकम**	**राखेको जमानत**	**नपुग जमानत रकम**
सेतीनदी पथुडा आरसिसि निर्माण (०४।०८१।८२)	प्रकाश निर्माण सेवा	६६८३२३	६१७५००	५०८२३
जम्मा				५०८२३

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१३३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	५०,८२३

४८ **अनुदानको भुक्तानी**

स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरीत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ को नियम ११ मा उत्पादनमा आधारीत अनुदान दिने व्यबस्था रहेको छ ।पालिकाले उत्पादनमा आधारित अनुदान अन्तर्गत भटमास,कोदो उत्पादनमा देहायका कृषी सहकारीलाई प्रति रोपनी रु.७००।-अनुदान उपलब्ध गराएकोमा कार्यविधिमा उल्लेख भए बमोजिमको लक्षीत बर्गको लागि माग सङकलन, लाभग्राही छनौट, अनुदान प्रबाह गर्दा प्रकृया पुरा नगरी कृषी सहकारीलाई अनुदान दिएको तथा सहकारीमा आबद्ध कृषकको नाममा न्युनतम २ रोपनी जग्गा हुनु पर्ने उल्लेख भएकोमा पालिकाबाट रोपण गरिएको जग्गा लाभग्राहीको नाममा भएको प्रयाप्त प्रमाण संलग्न नगरी अनुदान दिएको र अनुदान पाउने ब्यक्ती,संस्था,कृषक सहकारी समुहको नाम नामेसी र अनुदान रकम सार्वजनिक समेत गरेको छैन । साथै अनुदान दिए पश्चात अनुगमन,मुल्यांकन तथा प्रतिवेदन भएको छैन । अत पालिकाबाट अनुदान प्रदान गर्दा कार्यविधिमा भएको प्रकृया पुरा गरेर मात्र कृषक सहकारीलाई अनुदान दिनु पर्नेमा सो बेगर अनुदान दिएको रकम एकिन नभएको रु.

सि.नं.	भौ नं. । मिति	लाभग्राहीको नाम	जग्गा रोपनी	अनुदान रकम
१	९।०८२।३।२३	डोलासी बहुउद्देश्यीय कृषि फार्म	२५	१७५००
२	,,	वेटर बहुउद्देश्यीय कृषि	४५	३१५००
३	,,	श्री अरिया कृषि तथा पशुपंक्षी फार्म	१००	७००००
४	,,	दुर्गा भवानी तथा पशुपंक्षी कृषक समुह	६०	४२०००
५	,,	भुमीराज बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म	१०	७०००
६	,,	श्री विकास बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म	१०	७०००
७	१०।०८२।३।२३	बाह्रदेव भुमी कृषक समुह	१००	७००००
८	११।०८२।३।२४	भावना बहुउद्देश्यीय कृषि तथा पशु फार्म	२२	१५४००
९	,,	लखाध कृषक समुह	५०	३५०००
१०	,,	सुदिक्षा बहुउद्देश्यीय कृषि तथा पशु फार्म	५५	३८५००
११	१२।०८२।३।२५	बासकारिया गाजरी केराखेती उत्पादन कृषक समुह	१००	७००००
	,,	भगवती मेहेनतको फल बहुउद्देश्यीय	२३	१६१००
	जम्मा			४२००००

प्रमाण पेश नगरेको	४,२०,०००

४९ निष्कृय खाताको विवरण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले नेपाल ईन्भेष्ट मेगा बैंकमार्फत लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु. ९८३६४०३८/-निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो । गाउँपालिकाले गत आ.व.मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुबाट विवरण समयमा प्राप्त गरेको पाईएन। कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुले निष्कृय खाताको विवरण तोकिएको समयाविधिमा तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५० अनुगमन तथा निरीक्षण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत बनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी, व्यक्तिगत घटना दर्ता अन्तर्गत मृत्यु दर्तामा ढिलाई हुदाँ पनि निरन्तर लाभग्राहीको खातामा पैसा जानेलर सरकारी सुविधा लिने व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । कार्यविधिले तोके बमोजिम अनुगमन प्रतिवेदन लिई प्रतिवेदनको उचित कार्यान्वियन गर्नुपर्दछ ।

५१ सामाजिक सुरक्षा भत्ता वितरण

सामाजिक सुरक्षा ऐन-२०७५,बमोजिम आर्थिक रुपले विपन्न, अशक्त तथा असाय अवस्थामा रहेका व्यक्ति असायएकल महिला, अपाङ्ग भएका व्यक्ति, बालवालिका, आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुने व्यवस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने

लाभग्राहीको नाम दर्ता र नविकरण, लगतकट्टी गरी तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी प्रथम, द्धितिय, तृतिय र चौथो किस्ता गरी जम्मा रु.९८३६४०३८।- बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ ।

५२ राजश्व अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ र नियमावली २०७७ को नियम ५८(४) बमोजिम बुझिएको राजश्वको दाखिला र लेखा दैनिक राख्नु पर्दछ ।गाउँपालिका अन्तर्गत ०९ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरी अभिलेख राखेको पाईएन ।नियमानुसार तोकिएको समयभित्रै प्राप्त गरेको आन्तरिक राजश्व रकम बैक दाखिला गरी अभिलेख राख्न पालिकाअन्तर्गत रहेको सबै वडा कार्यालयहरुले विशेष ध्यान दिनुपर्दछ ।

५३ राजश्व ढिला दाखिला र जरिवाना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७,२८ र नियमावली २०७७ को नियम ५८(४) बमोजिम बुझिएको राजश्वको दाखिला र लेखा दैनिक राख्नु पर्ने व्यवस्था रहेको छ । साथै ऐनको दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले बढिमा तिन दिनसम्म ढिलो गरेको भए पनि दाखिला गर्न लगाउन सक्ने र त्यसरी गर्दा पनि दाखिला ढिला भएमा संकलन गरेको रकमको दश प्रतिशत जरिवाना लगाउन सक्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका वडा कार्यालयबाट यो वर्ष राजस्व संलकन भएको मध्ये कतिपय वडा कार्यालयले नियमावलीमा उल्लिखित समयावधी भन्दा ढिला गरी दाखिला गरेकोमा उक्त रकममा पालिकाले नियमानुसार जरिवाना लगाएको छैन । अतः नियमावलीमा उल्लिखित समयावधी भित्र राजस्व दाखिला गर्नको लागि ध्यान दिनुपर्दछ ।

५४ पालिका शिक्षक तलव

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लागि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दी कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई बाल शिक्षातर्फ ३२ जनालाई प्रा.वि.तर्फ १२ जनालाई, नि.मा.वि.तर्फ १० जनालाई र मा.वि तर्फ ४ जना समेत ५८ शिक्षकलाई बार्षिक रु.१०९९३०००।– तलब भुक्तानी दिएकोमा आन्तरिक आयबाट रु.५४,८२,२४९।- र वित्तिय समानिकरण शिर्षकबाट रु.५५,१०,७६१।- तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो। पालिकामा रहेको शिक्षक र विद्यार्थिहरूको अनुपात हेर्दा देहाय अनसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ती गरी खर्च गर्नुपर्ने देखिन्छ

क्र स	तह	दरवन्दी शिक्षक	विद्यार्थी संख्या	पालिका अनुदान शिक्षक	जम्मा	शिक्षक विद्यार्थी अनुपात	पालिका अनुदान रकम
	वाल कक्षा	२३	१३२८	३२	५५	२४.१४	६१५७०००
१	प्रा वि	१३१	३६६७	१२	१४३	२५.६४	१९९२०००
२	नि मा वि	३८	२०७३	१०	४८	४३.१८	१९२००००
३	मा वि	३५	१२०३	४	३९	३०.८४	९२४०००
५	उ मा वि	२८	९२५		२८	३३.०३	
जम्मा		**२५५**	**९१९६**	**५८**	**२८५**		**१०९९३०००**

५५ **भ्रमण अभिलेख एवं प्रतिबेदन**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यस्थीत राखेको छैन । यसबर्ष अुनगमन तथा मुल्याङ्कन शिर्षकमा वित्तीय समानिकरण अनुदानबाट रु. २४,९८,४२३, प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालुबाट रु. १,१५,०००, प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगतबाट रु. ६,५२,०००० र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगतबाट रु. २५,५३,१८५ समेत जम्मा रु.५८१८६०८।- खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भनि मुल्याङ्कन गर्न सक्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

५६ **इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले यो वर्ष सडक निर्माण कार्यको लागि इन्धन खर्च रु.२६,००,०००, डिजेल तथा पेट्रोल खर्च रु.९,६५,००० र इन्धान अन्य प्रयोजन वापत रु.२९,९२,२१५ समेत जम्मा रु.६५,५७,२१५ भुक्तानी खर्च छ । पालिकाले हरि आयल स्टोरबाट इन्धनको आपुर्ति गरी पालिकाको आफ्नै डोजर र ब्याकहो लोडर समेतबाट सडक सरसफाई हुने गरेको जनाएको छ । प्रयोगकर्ता, प्रयोजन र भ्रमण दूरी लगायतका व्यहोरा खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

५७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यालय सञ्चालन विविध खर्च बापत रु.३८,९८,२५६ र अतिथी सत्कार खर्च बापत रु.२७,२७,३३८ समेत रु.६६,२५,५९४ खर्च भुक्तानी गरेको छ । उक्त खर्चको बिलमा खाजा, खाना, नास्ता लगायत होटलको बिल पेश हुने गरेकोमा खर्च भएको कार्यको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न रहेको देखिएन र अतिथि सत्कार खाजा, खाना खर्च सम्वन्धमा अर्थ मंन्त्रालयको मापदण्ड समेत लागु गरेको देखिएन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

५८ **अन्य निकाय खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाको पालना बेगर नमुना परीक्षणको क्रममा यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्लास्थीत जिल्ला प्रहरी कार्यालय, बझाङलाई रु.१,००,०००, रायल प्रहरी चौकीलाई रु.६४,३८० , बागथला प्रहरी चौकीलाई रु.१,२२,६०० र अस्थायी प्रहरी पोष्ट, झोतालाई रु.१,०६,१०० समेत जम्मा रु.३९३०८०।– भुक्तानी खर्च लेखेको छ। यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने तथा थप आर्थिक व्ययभार परेको देखिन्छ। यस किसिमको खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

५९ **उपभोक्ता समितिबाट सरकारी भवन निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता

समितिमार्फत गराएको कामको निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने र स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले ६ नं वडा कार्यालय भवन निर्माणमा रु. २१८२०७२/- तथा शीतगृहको तला थपको कार्यमा रु.२३८२२६८/- समेत रु. ४५६४३४६/- उपभोक्ता समितिबाट गराई खर्च गरेको छ ।सम्बन्धित उपभोक्ताहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने र त्यसको सञ्चालन, मर्मत संभार र रेखदेख उनीहरुबाटै हुने गरी हस्तान्तरण हुने किशिमका योजनाहरुको काम माउपभोक्ता समिति मार्फत गराउन उपयुक्त हुनेमा भवन निर्माण, शीतगृह निर्माण जस्ता कामहरु जुन उनीहरुबाट सञ्चालन तथा रेखदेख नहुने र हस्तान्तरण पनि गर्न नसकिने देहायका काम उपभोक्ता समितिबाट गराएको छ । यस सम्बन्धमा पालिकासंग छलफल हुँदा संघीय सरकारबाट वर्षान्तको समयमा बजेट विनियोजन भई आएको र ठेक्का प्रकृयामा जाँदा निर्माण कार्य सम्पन्न गर्न नसकिने भएकोले उक्त कार्य उपभोक्ता समितिद्धारा गर्नुपरेको भनाई रहेको पाईयो । अतः जटिल प्रकृतिका संरचना प्रतिस्पर्धाको माध्यमद्धारा निर्माण व्यवसायीद्धारा नगरेको नियमसम्त नदेखिएको रु

विवरण	लागत रकम
उच्च पहाडी तथा हिमालीक्षेत्र स्वरोजगार अन्तर्गत शीतगृह तलाथप	२३८२२६८
गाउँपालिका पूँजीगत अन्तर्ग वडा नं ६ कार्यालय भवन निर्माण	२१८२०७२
जम्मा	४५६४३४०

अनियमित भएको	४५,६४,३४०

६० **मेला, पर्व र खेलकुदको खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा योगदान पुर्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल दिन सक्ने, जनताको जीवनस्तर,आम्दानी र रोजगारी बढ्ने बिषयलाई समेट्नु पर्ने व्यवस्था छ | कानुनमा भएका उक्त व्यवस्थाका विपरित योजना तर्जुमा गर्दा उत्पादन मुलक कार्यक्रममा जोडदिनुपर्नेमा नमुना परीक्षण गर्दा पालिकाले निम्न उल्लेखित अनुत्पादक कार्यक्रम गरेको देखियो | योजना तर्जुमा गर्दा यस प्रकारले कार्यक्रमलाई निरुत्साहित गरी प्रतिफलमुखी कार्यक्रम तर्जुमा गर्ने तर्फ पालिक्ले ध्यान दिनु पर्दछ |

भौचर नं/मिति	विवरण	रकम
३७०।१२।१९	भलिबल आयोजना (बेताल त्रिवेणी धार्मिक तथा साँस्कृतिक समिति)	१,००,०००
४०९।१२।२७	बिर्सनी मेला	६४,२५०
३०९।११।१२	गौरा पर्व मेला	६०,०००
४१८।११।२७	मौतोली गौरा पर्व	३५,०००
५५८।२।२०	देउरा महोत्सव	३,५०,०००
५७९।२।२३	पुर्णिमा मेला	५०,०००

६१ **छात्रवृत्ति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा सो खर्चलाई पुष्ट्याँई गर्ने प्रमाण कागजात हुनु पर्ने उल्लेख छ ।पालिकाले CTEVT डिप्लोमा तह कृषि पशुविज्ञान कार्यक्रम अध्ययनका लागि वडा भित्रका गरिव तथा जेहेन्दार विद्यार्थीहरुमा प्रतिस्पर्धा गराई उच्च अङ्क प्राप्त गर्नेलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाई छात्रवृत्ति वापत भैरव माध्यमिक विद्यालय झोतालाई गाँउपालिका चालुतर्फको बजेट अन्तर्गत रु५७००००।- विद्यार्थी छनौट पश्चात ती विद्यार्थीहरुको सम्बन्धमा गाउँ कार्यपालिकाबाट निर्णय भई छात्रवृति रकम उपलब्ध गराईएको छ । छात्रवृति सम्बन्धमा पालिकाको कुनै स्पष्ट नीति तथा निर्देशिका वा कार्यविधी तर्जुमा भएको छैन । जसले गर्दा यस्ता कार्यक्रमले निरन्तरता पाउने र कुनै खास समयमा व्यक्ति विशेषलाई मात्र

लाभ पुग्ने गरी निर्णय हुन सक्ने हुँदा पालिबाट यस्ता कार्यक्रमलाई निरन्तरता र इन्छुकहरु सबै सहभागी हुने कार्यविधी बनाई छात्रवृति वितरण गर्नुपर्दछ ।

६२ **राहत वितरण**

गाउँपालिकाबाट स्वीकृत विपद उद्दार तथा राहत वितरण समबन्धी मापदण्ड, २०७४ मा विपद तथा प्रकोपको घटनामा परी ज्यान गुमाउने, चटपटक लागि घाइते भएका, प्रकोपका कारण दीर्ध रोगी भएका, मानवीय कारणले ज्यान गुमाएका, प्रकोपका कारण विस्थापित भएकाहरुलाई १० हजार देखि बढीमा ३५ हजारसम्म राहत रकम उपलब्ध गराउन सकिने उल्लेख छ । गो भौ नं ७२९/२०८२/३/२० बाट पालिकाले २० जनालाई ५ लाख राहत वितरण गरेकोमा ५ जनालाई मापदण्डमा तोकिए भन्दा बढी हुने गरी ४० हजार देखि ५० हजारसम्म उपलब्ध गराएको छ । मापदण्डको सिमाभित्र रही राहत वितरण गर्नु पर्दछ ।

६३ **पाइप खरिद तथा वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था उल्लेख छ। साथै पूँजीगत बजेट पूर्वाधार संरचना निर्माण, उत्पादन मूलक , रोजगारमूलक , धार्मिक तथा सांस्कृतिक प्रबर्धन जस्ता कार्यक्रममा खर्च हुनु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा रु १४८८१८२।० को विभिन्न (२०mm देखि ११०mm) साइजका २६ हजार १ सय ५२ रनिङमिटर खाने पानी पाइप खरिद गरी वि ६१ जनालाई वितरण गरेको छ ।सिमित साधनको उच्चतम उपयोग र खानेपानी समस्यालाई दिगो रुपमा समाधान गर्न यस प्रकारका अल्पकालिन कार्यक्रममा धनराशी खर्च गर्ने सोचमा परिवर्तन ल्याई भौतिक पूर्वाधारका संरचनाहरु निर्माण हुने योजनाहरु छनौट गरी कार्यान्वियन गर्नु पर्दछ ।

सि नं.	गो भौ र मिति	सामाग्री वितरण	परिमाण (मिटरमा)	रकम
१	१९।८।५	पाइप	२०००	
२	४१।९।२६	पाइप 20mm*16	५१००	१९५०७५
		40mm*10	६००	६२६४०
		32mm*10	३०००	२००७००
		25mm	४८००	२७१४४०
		63mm*10	३००	९१३५०
		110mm	२०४	१११८१२
३	४६।९।६	20mm*16	३४५०	१३८०००
		50mm*10	१००	१४१६०
		25mm*16	६००	३४८००
		32mm	२३००	१५२७२०
४	५१।११।६	25mm	१५००	८७०००
		20mm	१६००	६४०००
		90mm	२४	१३३२०
		110mm	२४	१६०८०
		32mm	६५०	४३५५०
५	१५।५।८	20mm	५००	२२४९५
जम्मा			२६१५२	१४८८१८२

६४ पूँजीगत बजेटबाट चालु प्रकृतिका काम

:राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको लागि बजेट तर्जुमा दिग्दर्शन को बुँदा नं ४.८ मा स्थानीयतहले गर्ने सार्वजनिक खर्च (चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था) को लागि आवश्यक रकमको खर्च प्रक्षेपन गर्नु पर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय-व्ययको वर्गीकरण र खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्ने उल्लेख छ । गो भौ नं १२/२०८१/८/४ बाट पालिकाले नेपाल सरकरले निर्धारण गरेको एकिकृत खर्च संकेत वर्गीकरण र व्याख्या विपरित पूँजीगत वजेटबाट वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च गत वर्ष भुक्तानी हुन बाँकी रु. ४०००००/- भुक्तानी गरेको नियमसंगत नदेखिएको रु

अनियमित भएको	४,००,०००

६५ भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ४०(४) मा नेपाल सरकारबाट हुने सबै प्रकारका भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा जम्मा हुने गरी गर्नु पर्ने उल्लेख छ । गाउँपालिका चालु खर्चतर्फ सबै वडाहरुमा विनियोजन भएको कार्यालय व्यवस्थापन खर्च रु.२५००००।-देखि रु.४०००००।- सम्मको रकम विल भरपाई र खर्च विवरण अनुसार सम्बन्धित वडा सचिवहरुको खातामा सोधभर्ना भुक्तानी हुने गरेको पाइयो । कार्यालय सामान खरिद वापतको रकम सामाग्रीहरु उपलब्ध गराउने सम्बन्धित फर्महरुको खातामा जम्मा हुने गरी भुक्तानीको व्यवस्था मिलाउन पालिकाको ध्यान जानु पर्दछ ।

६६ **मालसामान खरिदको लागि पेश्की**

विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भै त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले कारण उल्लेख गरी पेश्की दिन सकिने उल्लेख छ । गो भौ नं २१/२०८१/८/६ बाट पालिकाले रैथाने वाली, तरकारी, फलफूल,दाल उत्पादन प्रबर्द्धन र बजारीकरणमा बिनियोजन भएको रु. १००००००/- को कार्यक्रम सञ्चालन गर्न कृषि अधिकृत उपेन्द्र मल्ललाई पेश्की दिई कार्यक्रम सम्पन्न गरेको छ ।उक्त पेश्की रकमबाट मिनिटिलर रु. १००००० को, हलोफाली र तारजाली रु. ३६९७० को, धानको विउ रु. १९२००० को, मल रु. ७०००० को, पलाष्टिक टनेल रु.१८६०० को लगायत विभिन्न सामाग्रीहरु खरिदमा खर्च भई ती समाग्रीहरु केही कृषकहरुलाई वितरण भएको र केही सामाग्रीहरु गाउँपालिकाद्वारा सञ्चालित कृषि फर्ममा उपयोग गरिएको छ ।ती सामाग्रीहरु पालिकाले विक्रेताबाट कोटेशन मार्फत खरिद गर्न सकिनेमा पेश्की दिई खरिद गरेको उपयुक्त देखिएन ।मालसामानहरु प्रक्रिया पुर्‍याई पालिकाले नै खरिद गर्नु पर्दछ ।

६७ **इन्धन खरिद तथा खपत**

इन्धनको खरिद परिमाण, खपत परिमाण र बाँकी परिमाण स्पष्ट हुने गरी अभिलेख व्यवस्थित हुनु पर्दछ ।पालिकाले हेभी ईक्यूपमेन्ट स्काईभेटर र ब्याकहो लोडर सञ्चालन गरी विभिन्न सडक योजनाहरुको काम गर्न ६२४२३ लीटर डिजल रु. ९२३४२६०/० को खरिद गरेकोमा उक्त इन्धन स्टोरबाट कति निकासा भयो र कति बाँकी छ सोको अभिलेख तथा ईन्धन खपतको लगबुक लेखापरीक्षण गर्ने क्रममा प्राप्त नहुँदा ईन्धनको प्रयोग र बाँकी परिमाणको बारेमा स्पष्ट हुन सकिएन । पालिकाको प्राविधिक शाखाबाट प्राप्त विवरण अनुसार पालिकाको एक्साभेटर तथा ब्याकहो लोडर प्रयोगबाट १४ वटा योजनाको ६२.६४ किलो मिटर सडक निर्माण, मर्मत तथा पहिरो पन्छाउने काम सम्पन्न भएको र उक्त काममा ४२२०६ लिटर डिजल खपत भएको हिसाव निकालेको छ ।खरिद डिजल ६२४२३ लिटरमध्ये प्राविधिक शाखाले देखाएको इन्धन खपत हिसाब बाहेकको बाँकी ६००० लिटर डिजलको खपत तथा मौज्दात विवरण राख्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : केदारस्युँ गाउँपालिका, बझाङ , केदारस्युँ गाउँपालिका , बझाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	केशव राज भट्ट	२०८२-०१-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Rohit Kumar Giri	२०८१-०६-०८	२०८२-०१-१९
कार्यालय प्रमुख	Padam Raj Upadhayay	२०७८-१२-११	२०८१-०६-०७
लेखा प्रमुख	कालुराम चौधरी	२०८०-२-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७७,६३४	६,२२९,६०६	१०,८९४,८६५	०	०	१००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१७,३०२,१०५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२१०,९५९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१७,०९१,१४६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२६६४१७९८.४२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४८७७२६६१५.९८	चालु खर्च	३७६९२६३९२.७
प्रदेश सरकारबाट अनुदान	२७०६१८२१	पूँजीगत खर्च	२०७५०७३१४.०६
राजश्व बाँडफाँट	८७५६७१९२.६३	वित्तीय/अन्य व्यवस्था	१८२९९४५६१.९३
आन्तरिक आय	६३६५५०१.३२		
अन्य आय	१५३०५५७७९.८३		
कुल आय	७६१७७६९१०.७६	कुल खर्च	७६७४२८२६८.६९
बाँकी मौज्दात		२०९९०४४०.४९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,९८,११,६६३.११	०	८,९८,११,६६३.११	७,८२,५५,४७२.४६	०	७,८२,५५,४७२.४६
१३०००	अनुदान		४८,०५,५०,५५५.२४	०	४८,०५,५०,५५५.२४	४१,८१,१२,२६८.३७	०	४१,८१,१२,२६८.३७
१४०००	अन्य राजस्व		४१,२१,०३१.३१	०	४१,२१,०३१.३१	४६,४१,३९६.९४	०	४६,४१,३९६.९४
१५०००	विविध प्राप्ति		०	०	०	०	०	०
क	कुल जम्मा प्राप्ति		५७,४४,८३,२४९.६६		५७,४४,८३,२४९.६६	५०,१०,०९,१३७.७७		५०,१०,०९,१३७.७७
३	चालु		३७,६९,२६,३९२.७१	०	३७,६९,२६,३९२.७१	३७,६६,५७,५०९.१०	०	३७,६६,५७,५०९.१०
२१०००	पारिश्रमिक / सुविधा		२३,४८,०८,३२७.८२	०	२३,४८,०८,३२७.८२	२३,६३,४७,४५०.६७	०	२३,६३,४७,४५०.६७
२२०००	मालसामान तथा सेवाको उपयोग		८,१८,४९,३९१.६६	०	८,१८,४९,३९१.६६	९,६१,५५,८९३.४३	०	९,६१,५५,८९३.४३
२५०००	सहायता (Subsidy)		४,६३,३३,४१५.२३	०	४,६३,३३,४१५.२३	३,९२,२१,८६५.००	०	३,९२,२१,८६५.००
२७०००	सामाजिक सुरक्षा		९४,६९,८२१.००	०	९४,६९,८२१.००	१९,६४,०००.००	०	१९,६४,०००.००
२८०००	अन्य खर्च		४४,६५,४३७.००	०	४४,६५,४३७.००	२९,६८,३००.००	०	२९,६८,३००.००
४	पूंजीगत		२०,७५,०७,३१४.०६	०	२०,७५,०७,३१४.०६	१२,४५,४६,४६१.००	०	१२,४५,४६,४६१.००
३१११०	भवन तथा संरचना		२,००,०००.००	०	२,००,०००.००	७९,८१,९५६.००	०	७९,८१,९५६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१२,४७,३३४.००	०	१२,४७,३३४.००	१,८५,७०,११२.००	०	१,८५,७०,११२.००
३११३०	अन्य पूँजीगत		६१,४१,६२३.००	०	६१,४१,६२३.००	१४,६८,९९६.००	०	१४,६८,९९६.००

	खर्च							
३११५०	सार्वजनिक निर्माण		१९,८९,२६,४२३.०६	०	१९,८९,२६,४२३.०६	९,५१,८१,६८१.००	०	९,५१,८१,६८१.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		६,९१,९३४.००	०	६,९१,९३४.००	११,९३,७१६.००	०	११,९३,७१६.००
३११७०	पूँजीगत सुधार खर्च		३,००,०००.००	०	३,००,०००.००	१,५०,०००.००	०	१,५०,०००.००
ख)	कुल जम्मा भुक्तानी		५८,४४,३३,७०६.७७		५८,४४,३३,७०६.७७	५०,१२,०३,९७०.१०		५०,१२,०३,९७०.१०
ग)	बचत /कमी (ग = क-ख)		(९९,५०,४५७.११)		(९९,५०,४५७.११)	(१,९४,८३२.३३)		(१,९४,८३२.३३)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		७२,६४,७३०.१८		७२,६४,७३०.१८	१८,८५,६९५.७१		१८,८५,६९५.७१
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					-१२,७५०.००		-१२,७५०.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(२६,८५,७२६.९३)		(२६,८५,७२६.९३)	१६,९०,८६३.३८		१६,९०,८६३.३८
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,३६,७६,१६७.४२		२,३६,७६,१६७.४२	२,१९,७२,५५४.०४		२,१९,७२,५५४.०४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा		२,०९,९०,४४०.४९		२,०९,९०,४४०.४९	२,३६,६३,४१७.४२		२,३६,६३,४१७.४२

	बैंक मौज्दात (ज= ङ+च+छ)								

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन १५ सैयाको आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।